गण्डकी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

पोखरा, नेपाल

पत्र संख्या : ०८१/८२
चलानी नं.: २

मितिः- २०८१/०३/३१

विषयः- आर्थिक वर्ष २०८१/८२ को अन्तर सरकारी वित्तीय हस्तान्तरण कार्यान्वयन सम्बन्धी व्यवस्था र मार्गदर्शन।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तहहरु (सबै),
गण्डकी प्रदेश।

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्रदेश सरकारले आर्थिक वर्ष २०८१/०८२ मा उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान, विशेष अनुदान, समपूरक अनुदान, सशर्त अनुदान एवम् राजस्व बाँडफाँटको रकम गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम स्वीकृत भईसकेको बेहोरा यहाँलाई अवगत नै छ। उक्त ऐनमा व्यवस्था भए अनुरुप अनुदान हस्तान्तरणको साथै योजना तथा कार्यक्रम हस्तान्तरण एवम् कार्यान्वयन गर्नुपर्ने हुँदा ती प्रावधानहरु सहितको मार्गदर्शन यहाँको जानकारी तथा कार्यान्वयनको लागि पठाएको छु। यसबाट वित्तीय हस्तान्तरणका साथै योजना तथा कार्यक्रम कार्यान्वयनमा सहजता आउने विश्वास लिएको छु। वित्तीय समानीकरण अनुदान, विशेष अनुदान, समपूरक अनुदान, सशर्त अनुदान र राजस्व बाँडफाँटको रकमको साथै आयोजना तथा कार्यक्रमहरु प्रदेश स्तरीय मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System-PLMBIS) मा प्रविष्ट गरिएकोले सोही प्रणालीबाट अवगत् गर्नुहुन अनुरोध छ ।

(क) वित्तीय हस्तान्तरण सम्बन्धमा

१. गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम वित्तीय समानीकरण अनुदान (२६३३१) मा विनियोजित रकमको एक चौथाईले हुन आउने रकम भाद्र २५ गतेभित्र, कार्तिक २५ गतेभित्र, माघ २५ गतेभित्र र बैशाख २५ गतेभित्र गरी चार किस्तामा निकासा गरिनेछ।
२. बुँदा नं १ बमोजिम हस्तान्तरणका लागि लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेमा र संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँट रकम कम प्राप्त भएमा पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम पुनः निर्धारण गरी गण्डकी प्रदेश सरकारले निर्धारण गरे बमोजिम निकासा गरिनेछ।
३. प्रदेश सरकारबाट स्थानीय तहलाई समपूरक, सशर्त र विशेष अनुदानमा विनियोजन गरिएका आयोजनाको प्रथम किस्ता स्वरूप विनियोजित रकमको ५० प्रतिशत रकम भाद्र २५ गतेभित्र निकासा गरिनेछ।
४. आयोजनाको प्रथम किस्ता निकासा भए पश्चात त्यस्तो आयोजनाका सम्बन्धमा कुनै पनि संसोधन कारबाही गरिने छैन। आयोजनाको नाम र ठेगानाका सम्बन्धमा सामान्य भाषिक त्रुटी देखिएमा साउन महिनाभित्र

गण्डकी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

पोखरा, नेपाल

पत्र संख्या :
चलानी नं.:

सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय सहित अनुरोध भई आएमा आर्थिक मामिला मन्त्रालयले आवश्यक कारबाही गर्न सक्नेछ ।

५. अनुदानमा सञ्चालित आयोजना तथा कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गर्नु हुनेछ। बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ बमोजिम आयोजनाको लागत अनुमान, आयोजना तथा कार्यक्रम सम्झौता, अन्तिम मुल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन वा कार्य प्रगति प्रतिवेदन र स्थानीय तहको अनुगमन समितिको प्रतिवेदन सहित निकासाका लागि अनुरोध भई आएपश्चात निकासा गरिनेछ ।

६. प्रदेश सरकारबाट स्थानीय तहलाई समपूरक र विशेष अनुदानमा विनियोजन गरिएका आयोजनाको कार्यान्वयन उपभोक्ता समितिबाट नगर्ने /नगराउने व्यवस्था मिलाउनु हुनेछ।

७. गण्डकी प्रदेश विनियोजन ऐन २०८० को दफा ४ को उपदफा (७) बमोजिम आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म खर्च हुन नसकेको समपूरक, सशर्त र विशेष अनुदानको रकम २०८१ असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा दाखिल भएकै होला। यदि २०८१ साल असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा दाखिल नगरेको भए २०८१ श्रावण मसान्तभित्र अनुदान फिर्ता शिर्षक (१५११३) मा दाखिल हुने व्यवस्था मिलाउनु हुनेछ।

साथै आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म खर्च हुन नसकेको समपूरक, सशर्त र विशेष अनुदानको रकम २०८२ असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा दाखिल हुने व्यवस्था मिलाउनु हुनेछ ।

८. बुँदा नं ७ बमोजिमको रकम दाखिल नभएमा विनियोजन ऐन,२०८१ को दफा ७ को उपदफा (९) अनुसार आर्थिक वर्ष २०८१/०८२ को जुनसुकै अनुदान रकमबाट कट्टा गरी समायोजन गर्न सकिनेछ ।

**(ख) राजस्व संकलन र बाँडफाँट सम्बन्धमा**

९. प्रदेश सरकारबाट प्रशासन तथा बाँडफाँट हुने सवारी साधन करको हकमा गण्डकी प्रदेश आर्थिक ऐन, २०८१ बमोजिम ४० प्रतिशतले हुन आउने रकम मासिक रुपमा स्थानीय सञ्चित कोषमा दाखिल गरिनेछ।

१०. आर्थिक ऐन, २०८१ को दफा ४, ५, ८ (१) र ८ (३) मा उल्लिखित मनोरञ्जन कर, विज्ञापन कर, प्राकृतिक स्रोत शुल्क (माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर) वापत सङ्कलित रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गरी ४० प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा समयमै दाखिल गरी प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२०८१/०४/०९

(पुरुषोत्तम शर्मा)
प्रदेश सचिव